बैठक संख्या: १०३ (एक सय तीन)
समय: विहान ८:०० बजे

आज मिति २०८१ मंसिर १४ गते शुक्रवारका दिन विदुर नगरपालिकाका नगर प्रमुख श्री राजन श्रेष्ठज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको वैठक वसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख | [signature] |
| २ | श्री प्रभा वोगटी | नगर उप-प्रमुख | [signature] |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | [signature] |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | [signature] |
| ५ | श्री वद्री प्रसाद रिमाल | वडा अध्यक्ष | [signature] |
| ६ | श्री निलम वावु ढुंगेल | वडा अध्यक्ष | [signature] |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | [signature] |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | [signature] |
| ९ | श्री रविन्द्र नेपाल | वडा अध्यक्ष | [signature] |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | [signature] |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | [signature] |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | [signature] |
| १३ | श्री वावुराम तामाङ | वडा अध्यक्ष | [signature] |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | [signature] |
| १५ | श्री भरत वहादुर तामाङ | वडा अध्यक्ष | [signature] |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | [signature] |
| १७ | श्री शिव वहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | [signature] |
| २० | श्री राधिका तामाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री विन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | [signature] |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | [signature] |
| २३ | श्री सवु मिजार | कार्यपालिका सदस्य | [signature] |
| २४ | श्री सुभाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | [signature] |

# १०३ औं कार्यपालिका बैठक (मिति २०८१।०८।१४ गते)

**प्रस्तावहरू :**

१) नगर कार्यपालिकाका विगतका निर्णयहरु कार्यान्वयनको समीक्षा सम्वन्धमा ।

२) प्रशासकीय भवनको म्याद थप सम्वन्धमा ।

३) ढिकुरे गंगटे सडक खण्डको सडक निर्माण प्रकृया र सहयोग सम्वन्धमा ।

४) कार्यविधि स्वीकृत सम्वन्धमा ।

क) विदुर नगरपालिकाको आन्तरिक रोजगारी प्रवर्द्धन तथा रोजगारी सिर्जना पूर्व विपदजन्य, विपद न्यूनिकरण लगायत तत्काल कार्यसम्पादन संचालन कार्यविधि, २०८१ सम्वन्धमा ।

ख) अति विपन्न नागरिक स्वास्थ्य वीमा कार्यक्रम कार्यविधि, २०८१ सम्वन्धमा ।

ग) सामुदायिक विद्यालयहरूको स्वामित्वमा रहेको जग्गा भाडा वा लिजमा दिने कार्यविधि २०८१, सम्वन्धमा ।

५) मित्र राष्ट्र जनवादी गणतन्त्र चीनको नेपालस्थित राजदूतावाससँग सहयोग सम्वन्धमा ।

६) समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।

७) विविध ।

क) प्राविधिकको विज्ञापन सम्वन्धमा ।

ख) नदीजन्य पदार्थ संकलनको लागि श्री प्रसुन निर्माण सामाग्री सप्लायर्स (प्रा.) लि. वाट पेश भएको मेसीन तथा गाडीहरूलाई अनुमति दिने सम्वन्धमा ।

ग) विदुर नगरपालिका वडा नं.२, ४, ५ र ६ ढल प्रशोधन केन्द्र निर्माण सम्वन्धमा।

घ) आधुनिक कोल्डरुम/वधस्थलको प्रस्ताव पेश गर्ने सम्वन्धमा।

## निर्णयहरु

निर्णय नं १: नगर कार्यपालिकावाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भईसकेका, केही निर्णयहरु कार्यान्वयन भइरहेका र बाँकी निर्णयहरु कार्यान्वयन हुने क्रममा रहेका हुँदा यस कार्यमा नगर कार्यपालिकाका सबै सदस्यहरुले आवश्यक सहयोग, सहकार्य र अनुगमन गर्नुका साथै सम्वन्धित शाखा प्रमुखहरुलाई निर्णयानुसार कार्यान्वयन गर्न बाँकी कार्यहरु विधि र प्रक्रिया पुन्याएर उपलब्ध स्रोतका आधारमा कार्यान्वयन गर्दै लैजान निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं २

कानूनी व्यवस्था:

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ मा भएको व्यवस्था:

१.खरिद संझौताको अवधि थप सम्वन्धी व्यवस्था सम्वन्धित खरिद संझौतामा उल्लेख भए वमोजिम हुनेछ।

२. उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि कावु वाहिरको परिस्थिति सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिव कारणवाट खरिद संझौताको अवधि नवढाई नहुने भएमा संझौता प्राप्त गर्ने व्यक्तिको निवेदन वमोजिम अधिकार प्राप्त अधिकारीले तोकिएको आधारमा अवधि वढाउन सक्नेछ।

सार्वजनिक खरिद नियामावली २०६४ को नियम १२०

ऐनको दफा ५६ वमोजिमको अवस्था परी खरिद संझौता वमोजिमको काम त्यस्तो संझौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्वन्धित निर्माण व्यवसायी आपूर्तिकर्ता सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद संझौताको म्याद सकिनुभन्दा कम्तिमा २१ दिन अगावै निर्धारित अवधिको कार्य सम्पादन जमानत, वीमा, पेश्की सम्वन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्वन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्नेछ।

यसरी निवेदन प्राप्त भएपछी सम्वन्धित अधिकारीले सो सम्वन्धमा आवश्यक जाँचवुझ गर्न वा गराउन सक्नेछ। त्यसरी जाँचवुझ गर्दा वा गराउँदा देहायको अवस्था देखिएमा वोलपत्र स्वीकृत गर्ने अधिकारीले अवधि र कारण खुलाई म्याद थप गर्न सक्नेछ।

क. सम्वन्धित सार्वजनिक निकायले निर्माण व्यवसायी आपूर्तिकर्ता सेवा प्रदायक वा परामर्शदातालाई संझौता वमोजिम उपलव्ध गराउनुपर्ने कुरा उपलव्ध नगराएको।

ख. ऐनको दफा ६७ क वमोजिम कागजात झिकाएको कारणवाट काममा ढिलाई भएको जसमा निम्न कुरा समावेश प्राप्त निकायले छानविन गर्ने कार्यको लागि कागजात झिकाउँदा संभव भएसम्म खरिद कारवाही अगाडि वढाउन वाधा नपर्ने गरी झिकाउनु पर्नेछ।

ग. विपद वा अन्य कावु वाहिरको परिस्थितिको कारण संझौता वमोजिमको काम हुन सक्ने अवस्था नभएमा।

माथि उल्लिखित कानूनी व्यवस्थालाई मध्यनजर गर्दा निर्माणाधिन भवनको मुख्य गेटको डिजाईन परिवर्तन गर्नु परेको र नगरप्रमुखको कार्यकक्षको आन्तरिक सजावटको डिजाईन परिवर्तन गर्नुपरेको संझौता वमोजिम गर्नु पर्ने काम २० लाख भन्दा वढीको रहेकोले खरिद सम्झौता अन्त्य गरी नयाँ खरिद कारवाही शुरु गर्दा लागत अनुमान तयारी र स्वीकृति गर्न करीव ५ दिन लाग्ने टेण्डर आव्हानको सूचना प्रकाशन ३० दिन पेश हुन आएका टेण्डरको मूल्यांकन करीव ५ दिन आशय पत्रको ७ दिने सूचना दिनुपर्ने, संझौताको लागि १५ दिने समय दिनुपर्ने, कार्यादेश दिएर काममा लगाउनु पर्ने लगायतको उल्लिखित कामको लागि नै म्याद थप हुने वरावरको समय लाग्ने र काम गर्न माथि उल्लिखित प्रक्रियामा लाग्ने वरावरको समय लाग्ने हुँदा म्याद थप गर्दा करीव ३ महिनामा निर्माण कार्य सकिने तर नयाँ ठेक्का प्रक्रियावाट जाँदा करीव ६ महिना लाग्न सक्ने अवस्था देखिएको । विगत तीन वर्ष अगाडिको र हालको दररेटमा ठूलो अन्तर पर्न जाने सूचना प्रकाशन लगायतको खर्च गर्नु पर्ने भवन निर्माण जस्तो कार्यमा अर्को निर्माण व्यवसायीवाट काम गराउनु व्यवहारिक समेत नहुने हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ को उपदफा (२) वमोजिमको मनासिव कारण परेकोले समय र लागत समेतलाई विश्लेषण गर्दा नयाँ ठेक्कामा जानु भन्दा हालको संझौताको अवधि थप गर्दा काम छिटो सकिने र लागत पनि कम लाग्न सक्ने अवस्था रहेकोले न्यू रेलीगेर जे.भी निर्माण व्यवसायीले माग गरेको पौष मसान्तसम्म नियमानुसार म्याद थप गरी निर्माण कार्यलाई निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं ३: मध्यपहाडी लोकमार्गको नुवाकोट जिल्लाभित्र पर्ने पाटी भन्ज्याङ्ग छहरे सडक खण्ड, ढिकुरे, गंगटे खण्ड, डेउडी सामरी भ्यान्याङ्ग भुरुङ्ग सडक खण्डमा पर्ने विदुर नगरपालिकाको वडा नं २ को ढिकुरे गंगटे खण्डका ५ जना जग्गाधनीहरुले मिति २०७९।०३।२० मा जिल्ला प्रशासन कार्यालय नुवाकोटवाट प्र.जि.अ ज्यूको अध्यक्षतामा वसेको मुआव्जा निर्धारण समितिले निर्धारण गरेको मुआव्जा**

रकम हालसम्म नवुझी सडक विस्तार कार्यमा अवरोध भएकोले नगरप्रमुखज्यूले उक्त जग्गाधनीहरुलाई सम्झाई वुझाई गरी सडक विस्तार गर्ने कार्यमा अवरोध नगर्न गरेको अनुरोध मानी ती ५ जना घरजग्गा धनीहरुले एक एक लाखका दरले रकम वुझी सडक विस्तार गर्न स्वीकार गरी नगरपालिकामा निवेदन पेश गरेको अवस्था छ। निजहरुले मुआव्जा वुझ्ने निकायवाट मुआव्जा वुझी नलिएको जानकारी उक्त सडक आयोजनाले दिएकोले दोहोरो नपर्ने हुँदा सो सडक आयोजनाको अनुरोधमा ५ जना जग्गाधनीहरुलाई घर टहरा भत्काएको जानकारी २ नं वडा कार्यालयवाट लेखी आएपछि एक/एक लाखका दरले मुआव्जा स्वरुप नगरपालिकाको विपद व्यवस्थापन कोषको रकमवाट भुक्तानी दिने र सो भुक्तानी भएको रकम रु ५ लाख उक्त सडक आयोजना पालुङ्गटारसँग सोधभर्ना माग गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>जग्गाधनीहरुको विवरण</u>

१) रामजी डंगोल, विदुर, २
२) शिव प्रसाद आचार्य, विदुर २
३) रहकुल अधिकारी, विदुर, २
४) लक्ष्मी थापा मगर, विदुर, २
५) केशव सिंह खड्का, विदुर, २

निर्णय नं ४: विधायन समितिवाट पेश भएका ३ वटा कार्यविधिमध्ये सामुदायिक विद्यालयहरूको स्वामित्वमा रहेको जग्गा भाडा वा लिजमा दिने कार्यविधि, २०८१ स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने र तपसिलमा उल्लिखित २ वटा कार्यविधि आगामी कार्यपालिका बैठकमा छलफल गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिल:</u>

क) विदुर नगरपालिकाको आन्तरिक रोजगारी प्रवर्द्धन तथा रोजगारी सिर्जना पूर्व विपदजन्य, विपद् न्यूनिकरण लगायत तत्काल कार्यसम्पादन संचालन कार्यविधि, २०८१
ख) अति विपन्न नागरिक स्वास्थ्य वीमा कार्यक्रम कार्यविधि, २०८१

निर्णय नं ५: जनवादी गणतन्त्र चीनको नेपाल स्थित राजदुतावाससँग नगरप्रमुखले गर्नु भएको अनुरोध अनुसार उक्त दुतावासमा स्कुल वस, विद्यार्थीहरुको लागि १२००० थान न्यानो ज्याकेट र शव वाहन १- गोटा, नगर वस-४ वटा सामग्रीहरु उपलब्ध हुने एकिन भएपछी नेपाल सरकारका सम्वन्धित मन्त्रालय मार्फत छिमेकी मित्रराष्ट्र चीन सरकारको नेपालस्थित राजदूतावासमा उक्त सामानहरु उपलब्ध गराई पाउन अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ६: कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको मिति २०८१/०८/१२ मा प्रकाशित सूचना अनुसार समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयनका लागि वडा नं ६ मा कुल रकम ४० लाखमा साझेदारीको हिस्सा प्रदेश सरकार, स्थानीय सरकार र सम्वन्धित कृषकको रहने गरी कुखुरापालन कार्यक्रम गर्न आवश्यक प्रक्रिया अगाडि वढाउने र सो कार्यका लागि नगरपालिकाले गर्नुपर्ने साझेदारी रकम आगामी नगरसभाबाट व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ७: विविध

क) प्राविधिकको विज्ञापन सम्बन्धमा ।

यस आर्थिक वर्षको एक वडा एक प्राविधिक राख्ने नीति अनुरुप रिक्त रहेको दरवन्दीमा प्राविधिक शाखाको माग अनुसार प्राविधिक कर्मचारी भर्ना गर्न आवश्यक प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।

ख) नदीजन्य पदार्थ संकलनको लागि श्री प्रसुन निर्माण सामाग्री सप्लायर्स (प्रा.) लि. वाट पेश भएको मेसीन तथा गाडीहरूलाई अनुमति दिने सम्बन्धमा ।

नदीजन्य पदार्थ संकलन गर्नको लागि श्री प्रसुन निर्माण सामाग्री सप्लायर्स (प्रा.) लि. ले च.नं ०२६/०८१/०८२ मिति २०८१।०८।१३ गतेको पत्रवाट निम्न मेसिन तथा गाडीहरू प्रयोगका लागि अनुमति माग गरेको उक्त मेसिन तथा गाडीहरूलाई अनुमती दिने सर्वसम्मत निर्णय गरियो।

निम्न:

<u>गाडीहरू:</u> वा ५ ख ५२८, वा ५ ख ७६२१, रा १ ख १७३५, वा ३ ख ६६५४, वा ४ ख ९७११, वा ४ ख ६४२१, बा ५ ख २४८१, वा ६ ख २२०४, ना ७ ख ७४०१, ना ७ ख ६९७०

<u>मेसीन :</u> जे.सी.वि. मेसिन बा ३ क १९५७, स्यानी १४० मेसिन, वा २ क ७५१२

ग) विदुर नगरपालिका वडा नं.२, ४, ५ र ६ ढल प्रशोधन केन्द्र निर्माण सम्बन्धमा।

विदुर नगरपालिकाको वडा नं.२,४,५ र ६ को १४३३ घरधुरीको ८३५९ नगरवासीका व्यक्ति र केन्द्रिय कारागारको १०,००० (दश हजार) कैदी वन्दी सहित १८,३५९ लाभान्वित हुने गरी निर्माणाधिन विदुर ढल निर्माण आयोजनाको निम्ति उपयुक्त जग्गा अभावले प्रशोधन प्रणाली निर्माण हुन नसकेकोले कारागार व्यवस्थापन विभागको आवश्यकता अनुसार सघन शहरी तथा भवन निर्माण आयोजना, धादिङवाट स्वीकृत गुरुयोजना अनुसार कार्यान्वयन भइरहेको करिव ६४५ रोपनी जग्गा ओगटेको केन्द्रिय कारागार निर्माण आयोजना नुवाकोटको कि.नं.३७८ र ६६८ को जग्गाको दक्षिणपट्टी क्षेत्रमा ढल प्रशोधन केन्द्र निर्माण गर्दा ढल प्रणालीको पाइपलाईन कारागारको कम्पाउण्डवाल भन्दा दक्षिण पूर्वी सिमानाको कम्पाउण्डवाल भन्दा वाहिरवाट कारागारको सुरक्षा संवेदनशिलतालाई असर नपर्ने गरी लैजान मिल्ने साथै कारागारको गुरुयोजना अनुसार वाहिरी वाटो निर्माण तथा कारागारले प्रयोग गर्ने गरी वायोग्याँस प्लाण्ट निर्माण समेत उक्त आयोजनाले गर्ने गरी प्रशोधन निर्माण प्रणालीको लागि कारागारको जग्गाको पुच्छारको भागवाट ३० रोपनी जग्गा यस नगरपालिकाको नाममा माग गर्नको निमित्त सरकारी जग्गा दर्ता उपयोग, तथा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनीति, २०७९ को दफा १० को उपदफा १ अनुसारको कार्य गर्नको लागि जिल्ला प्रशासन कार्यालय, विदुर, नुवाकोटलाई अनुरोध गरी पठाउने सर्वसम्मत निर्णय गरियो।

घ) आधुनिक कोल्डरुम/बधस्थलको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा।

वागमती प्रदेश सरकार, पशुपन्क्षी तथा मत्स्य विकास निर्देशनालय, हेटौंडाले प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को दफा ६ को (क) अनुसार आधुनिक कोल्डरुम/वधस्थलको प्रस्ताव आव्हानको सूचना मिति २०८१।०८।०५ मा प्रकाशन गरेको हुँदा उक्त सूचनाको सि.नं. ४

अनुसार आधुनिक कोल्डरुम /वधस्थल निर्माणको लागि प्रस्ताव पेश गर्न पशु सेवा शाखालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।